## ३. पार्टीमा देखिएका विसंगतिहरू

मानिसको स्वभाव कर्मशील, स्वाधिन र सृजनशील हुन्छ। सामाजिक अनुशासन, नियम र प्रबन्धहरूले मानिसलाई सर्वश्रेष्ठ बनाएकोछ । साँचोकुरा के हो भने उन्नत संस्कृति उन्नत अनुशासनबाट मात्र प्राप्त गर्न सकिन्छ । सामाजिक जीवन, संस्कृति र अर्थतन्त्रका लागि अनुशासन अत्यावश्यक छ ।

पार्टी संस्थाकोरूपमा लयमा चल्नु पर्छ र समाज रूपान्तरणको निम्ति विशिष्ट योगदान दिएका पार्टीका नेताहरू अनुशासित हुनु पर्छ। तर, प्रकृति र उत्पादन सम्बन्धमा भएको विविधताको कारणले समाजमा विभिन्न स्वार्थ समुहहरू/वर्गहरू हुन्छन् र त्यसको प्रतिबिम्ब पार्टीमा हुनु स्वभाविक छ। यसले गर्दा पार्टीमा वर्गजन्य स्वार्थहरू देखिने र यसबाट विभिन्न विसंगतिहरू प्रकट भैरहने गर्छन्। यी विसंगतिहरू, अराजकता र अवसरवादका स्रोतहरू हुन्। यिनीहरूलाई नियन्त्रण गर्न अनुशासन अपरिहार्य छ।

नेकपा एमाले न्यायपूर्ण समाज स्थापना र विकास गर्न सामाजिक विचार, सिद्धान्त र कार्यक्रमबाट निर्देशित छ। मानव सभ्यताको विकासकोक्रममा प्राप्त भएका उपलब्धिहरू तथा प्रकृतिको अस्तित्व र गतिशीलताका वैज्ञानिक नियमहरूलाई आत्मसात गर्दै एमाले क्रिवाशील छ। नेकपा एमाले वैचारिकरूपमा स्पष्ट, सांगठानिकरूपमा गतिशील तथा आचरण र व्यवहारमा उदाहरणीय नेतृत्व भएको पार्टी हो। तथापि, समाजको वर्गीय स्वरूप अनुरूप सृजना हुने विसंगतिहरूको प्रभाव पार्टीमा समेत देखिने गरेका छन्। यसको प्रतिबिम्बकोरूपमा पार्टी भित्र कतिपय नेता तथा कार्यकर्ताहरूबाट अनुशासन उलंघन हुने, पार्टी हित विपरित अभिव्यक्ति दिने तथा आचरण र व्यवहारमा त्रुटीहरू भैरहेको देखिएको छ। पार्टीमा देखिएका यस्ता प्रतिनिधिमुलक विसंगतिहरू यहाँ उल्लेख गरिएको छ।

### क) कुण्ठा र अतृप्त महत्वाकांक्षा

समयसमयमा कतिपय नेताहरूका आफ्ना निहित स्वार्थहरू पुरा नहुँदा तिनीहरू कुण्ठाकोरूपमा रहने गरेका छन्। विगतको एमाले र माओवादी केन्द्रको एकता र नेकपा गठन अनि पार्टी विग्रहको सिलसिलामा कतिपय नेताहरूको तुष्टि कुण्ठाकोरूपमा प्रकट भएको थियो। त्यतिवेला कुण्ठाग्रस्त नेताहरूले आफ्नो लागि पद, प्रतिष्ठा र सुबिधाको माग गरी बैठकहरू अवरुद्ध गरेका थिए। अत्यन्त संकिर्ण भएर व्यक्तिगत लांछना लगाए, "हामीलाई हेपियो, हामीले भनेको मानिएन, हाम्रा मान्छेहरूलाई विभिन्न पदहरूमा राखिएन, सुबिधा दिइएन, आदि आदि"। कुण्ठा दुषित नियतबाट प्रेरित हुन्छ भने चरम आकांक्षाहरू पुरा नहुँदा अतृप्त महात्वाकांक्षाकोरूपमा प्रकट हुने गर्छ। उनीहरूले आफ्ना निहित तुष्टिहरू पुरा गर्न माग

राख्ने, स्वार्थहरू मिलाएर गुट बनाउने, असहिष्णु तथा आक्रमक हुने आचरण र व्यवहार देखाएका थिए। त्यतिबेला प्रमुख नेताहरूले आआफ्ना गुटहरूमा धार लगाउन थालेका थिए। सुसुप्तरूपमा रहेका निहित स्वार्थ राख्ने गुटहरू एकआपसमा मिलेका थिए र अन्ततः पार्टीलाई विभाजित गरेका थिए।

अहिले पनि कतिपय व्यक्तिहरू पार्टीमा काम गरे बापत विशिष्ट सुविधाहरू पाउनु पर्छ भन्ने ठान्दछन्। उनीहरूले आकांक्षा गरे बमोजिमका सुविधाहरू प्राप्त हुन नसक्दा निराश हुने, कुण्ठाग्रस्त हुने, संकिर्ण सोँच राख्ने तथा लापरवाह हुने गरेको देखिएको छ। पार्टी भित्र सामान्य बहस हुँदा समेत तिनीहरूले आफ्नो पक्षधरता(एयकष्तष्यल) देखाई हाल्ने गरेको देखिएको छ।

चेतना कमजोर भएको बेला दुविधाहरू देखिन थाल्छन् र मनमा अनेक कुरा खेल्न थाल्छ। जस्तोकि, केहि मानिसहरू पदीय जिम्मेवारीमा बसे पछि उनीहरूमा दम्भ देखिन थाल्छ, पार्टीका विधि र पध्दतिहरू अवज्ञा गर्न थाल्दछन्, अनि मर्यादा बिर्सन्छन्। उनीहरू पार्टीको विधि र पध्दति मेरो लागि होइन भन्ने ठान्दछन्। अझ पार्टीमा विवाद भएको बेला वा संकटपूर्ण अवस्था सृजना भएको बेला तिनीहरू मोलमोलाई (द्यबचनबष्लष्लन) गर्न थाल्छन्। यो प्रवृत्ति कुण्ठाको सुसुप्तरूप हो, संकिर्ण र कमजोर चेतना हो। यो नैतिक सोँच होइन।

### ख) वैयक्तिक स्वार्थहरू

अहिले पार्टी जीवनमा वैयक्तिक स्वार्थहरू विभिन्नढंगले प्रकट भैरहेका छन्। आफ्ना निहित स्वार्थहरू पुरा गर्न अनेक प्रपन्च गर्ने र पार्टीलाई समेत दुरूपयोग गर्ने प्रवृत्ति देखिने गरेको छ। यो प्रवृत्तिले नेताहरूको नैतिक आचरण र व्यवहारमा समस्या सृजना गरेको छ। पार्टी भित्र कतिपय नेता तथा कार्यकर्ताहरूले आफुलाई कसरी फाइदा हुन्छ भन्ने गरी हेर्ने गरेका छन्। उनीहरूले हरेक काममा आफुलाई आर्थिक फाइदा हुने कि नहुने, विभिन्न सामाजिकपदहरूमा जाने अनुकुलता हुने कि नहुने, आदि मनसाय राखि व्यवहार गर्ने गरेको देखिएको छ। त्यसैगरी जनप्रतिनिधिको उमेदवारी पाइन्छ कि पाइदैन, विभिन्न कमिटीहरूमा मनोनयन वा विभिन्न राजनीतिक नियुक्तिहरू प्राप्त गर्ने अनुकुलता हुन्छ कि हुँदैन, आदि विषयमा उनीहरूको चासो भएको देखिएको छ। सामाजिक क्षेत्रहरूमा आफु चर्चामा रहिरहन सार्वजनिक संजाल, पत्रपत्रिका, रेडियो तथा टेलिभिजनलाई दुरूपयोग गर्ने प्रवृत्ति देखिएको छ। पार्टीका सार्वजनिक कार्यक्रमहरूमा मन्चको अगाडि देखिन मरिहत्ते गर्ने प्रवृत्ति पनि व्यापकरूपमा देखिएको छ।

कतिपय नेताहरूले पार्टीको विभिन्न तहको नेतृत्वमा पुग्नको लागि केहि माथिल्लो तहका नेताहरूलाई प्रभावित गर्ने र नेताहरूको वरिपरी घुमिरहने गणेश प्रवृत्ति पनि देखिएको छ। कतिपय पार्टी नेता तथा कार्यकर्ताहरू आत्मकेन्द्रीत र व्यक्तिवादी हुँदै गएका छन्। आफ्नो स्वार्थ पुरा नहुँदा पार्टी काम वा निर्वाचनमा निष्क्रिय वा असहयोगी बनेका छन्।

### ग) लाभ र अवसरको अनुचित आशक्ति

व्यक्तिगत लाभ र अवसरको आशक्ति राजनीतिक क्षेत्रमा समस्याकोरूपमा देखिएको छ। यो प्रवृत्ति लोकतान्त्रिक मूल्य र सार्वजनिक हितको विपरीत छ र अन्ततः राज्य, समाज र पार्टीलाई नकारात्मक असर गर्ने गरेको छ। यस्तो अनुचित आशक्तिको कारणले सार्वजनिक क्षेत्रमा रहेका कतिपय नेताहरू प्रति

आम जनतामा नकारात्मक धारणा बनिरहेको छ। यसले गर्दा नेताहरूको सार्वजनिक जीवन विवादित बनिरहेको अवस्था छ। यसको साथै सार्वजनिक जीवनको आकर्षण (ग्लेमर)ले कतिपय नेताहरूको जीवनशैली बदलिएको र खर्चालु भएको अवस्था पनि छ।

**घ) विचार र आचरणमा समस्या**

यथास्थिति बदल्न हिडेका नेताहरू वैचारिकरूपमा दृढ तथा आचरण र व्यवहारमा परिपक्क र नैतिकवान भएनन् भने पार्टीमा समस्या सृजना हुन थाल्छ। कतिपय नेताहरूका व्यवहार र आचरणमा विचलन देखिएको छ। कतिपय नेताहरूमा संकिर्ण मानसिकता देखिएको र उनीहरूले पार्टीका निर्णयहरू तथा संगठनात्मक पध्दतिलाई नमान्ने तथा उलंघन गर्ने जस्तो अराजक प्रवृत्ति पनि देखिने गरेको छ। के गर्नु पर्ने हो भनेर विकल्प दिदैन, समस्या कसरी हल गर्ने भन्ने बारेमा छलफल पनि गर्दैन, छलफलमा आफ्ना कुरा मात्र भन्ने र अरुका कुरा सुन्दैन, अरुले बोलेको कुरालाई टिपी हाल्ने र त्यसैमा टेकेर अनेक टिप्पणी गरी हाल्छ, नयाँ कुरा र सृजनशील विषयमा प्राय कुरै हुँदैन, आफुले नजानेको कुरा स्विकार्दैन,इत्यादि। कतिपय नेताहरूमा देखिने गरेका यी प्रतिनिधिमुलक प्रवृत्तिहरू हुन्।

कुनै नेता वा कार्यकर्ता लापरवाह हुँदा वा विषयमा ध्यान पुर्याउन नसक्दा गलत निर्णय हुने गरेका छन्। नेताहरू लापरवाह हुँदा विधि र पध्दति मिचेर काम गर्ने र त्यस्तो विधि मेरो लागि होइन भन्ने सोच भएको देखिएको छ। पार्टी भित्र कतिपय नेताले विचारको नाममा आफ्ना नीजी कुराहरू तथा एकांकी चिन्तनहरू बताइरहने र जनताका कुराहरूलाई महत्व नदिने गरेको देखिएको छ। त्यसै गरी वर्गीयरूपमा आधारभूत तहका श्रमजिवी जनताको समस्यालाई यथासमयमा सम्बोधन गर्न नसकेको अवस्था पनि छ। कतिपय नेताहरूको व्यवहारमा देखिएको बडप्पन, रुखो वचन तथा आक्रमक गाली गलौजको शैलीलाई जनताले रुचाएका छैनन्।

पार्टीभित्र र जनसंगठनमा यौनजन्य आचरणहरू समेत देखिन कतैकतै थालेका छन्। जनस्तरबाट नै प्रश्न उठि सके पछि समेत आचरणहरूलाई सच्याउनुको सट्टा उनीहरूबाट सार्वजनिकरूपमा दम्भ प्रकट भैरहनु दुखःद कुरा हो।

**ङ) सांगठानिक अराजकता**

पार्टी जीवनमा सांगठानिक अराजकता चुनौतिकोरूपमा रहेको छ। यो प्रवृतिको कारणले, कतिपय पार्टी कमिटीहरू विधिसम्मतढंगले चलेको देखिएको छैन, कतिपय नेताहरूले संगठनका कामहरूलाई वेवास्ता गरेका छन्, पार्टीका निर्णयहरूलाई लागु नगरेको अवस्था छ, कतिपय नेताहरू बीच एकआपसमा परस्पर विश्वास नभएको अवस्था छ, कमिटीमा रहेकाहरूलाई कमिटीमा छु भन्ने अनुभुति नभएको समेत देखिएको छ। कतिपय जनप्रतिनिधिहरूले सम्बन्धित पार्टी कमिटीसंग समन्वय गर्ने चासो देखाएको पनि देखिदैन। यो गंभीर अवस्था हो।

बैठकहरू निरस, प्राविधिक र औपचारिकतामा सिमित भएको अवस्था छ। पार्टीमा लामो समय क्रियाशील भैरहेका धेरै नेता तथा कार्यकर्ताहरू कमिटीहरूमा समेटिएको छैनन् वा जिम्मेवारी दिइएको छैन। कमिटीहरूको इन्चार्जको कामको ठोस व्याख्या नहुँदा सम्बन्धित इन्चार्जहरू कमिटीहरूमा हावी